संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत १९ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ ने.क.पा. (एमाले) र रा.प्र.पा.का मा० सदस्यहरुले हात उठाएर समय माग गर्नुभएपछि सम्माननीय सभामुखले आजको कार्यसूचीमा प्रतिनिधि सभाको मस्यौदा नियमावलीमाथि छलफल हुने भएकोले अर्को दिन समय उपलब्ध गराउँछु भन्नुहुँदै मा० सदस्यहरुलाई बस्न आग्रह गर्नुहुँदा मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले जनता समाजवादी पार्टीबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित भई आउनु भएकी प्रतिनिधि सभा सदस्य मा० श्री मंजु शर्मा अन्सारीलाई सभा एवं आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै सफल कार्यकालको कामना गर्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री तेजुलाल चौधरी
३. मा० श्री दामोदर पौडेल बैरागी
४. मा० श्री दिक्पाल कुमार शाही
५. मा० श्री दिनेश कुमार यादव
६. मा० श्री दिपक बहादुर सिंह
७. मा० श्री दिलेन्द्र प्रसाद बडू
८. मा० श्री दुर्गा राई
९. मा० श्री देवेन्द्र पौडेल
१०. मा० श्री धनराज गुरुङ्ग
११. मा० श्री ध्रुवबहादुर प्रधान
१२. मा० श्री नागिना यादव
१३. मा० श्री निशा डागी
१४. मा० श्री नैनकला थापा
१५. मा० श्री पदम गिरी
१६. मा० श्री पुष्पबहादुर शाह
१७. मा० श्री प्रदिप पौडेल
१८. मा० श्री प्रेम सुवाल
१९. मा० श्री बद्रीप्रसाद पाण्डे
२०. मा० श्री बासुदेव घिमिरे

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल “प्रचण्ड”ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०७९/१२/१७ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति, हेरफेर र कार्यविभाजन समेत गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल “प्रचण्ड” | प्रधानमन्त्री | कानुन, न्याय तथा संसदीय मामिला; परराष्ट्र; युवा तथा खेलकुद; वन तथा वातावरण र स्वास्थ्य तथा जनसङ्ख्या; खानेपानी |
| २. | श्री पूर्णबहादुर खड्का | उपप्रधानमन्त्री | रक्षा |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | गृह |
| ४. | डा. बेदुराम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| ५. | श्री अशोककुमार राई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ६. | श्री शरतसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| ७. | डा. प्रकाशशरण महत | मन्त्री | अर्थ |
| ८. | श्री महिन्द्र राय यादव | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| ९. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | उर्जा, जलस्रोत तथा सिँचाइ |
| १०. | श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ११. | श्री सुदन किराती | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १२. | श्री अमनलाल मोदी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| १३. | श्री प्रकाश ज्वाला | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १४. | श्री रञ्जिता श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १५. | श्री रमेश रिजाल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १६. | श्री सीता गुरुङ्ग | मन्त्री | शहरी विकास |
| १७. | श्री सुशिला सिर्पाली ठकुरी | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |

(यादवप्रसाद कोइराला)

सचिव

मिति: २०७९/१२/१७

त्यसपछि मा० उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले सामन्तवादको अवशेषको रुपमा रहेको मिटर व्याजीसम्बन्धी समस्या समाधानमा सरकार गम्भीर एवं प्रतिवद्ध रहेको, संविधान कार्यान्यवनको क्रममा रहेको सत्य निरुपण, वेपत्ता छानविन सम्बन्धी विषय कार्यान्वयनको प्रक्रियामा लैजाने र अर्थतन्त्र चलायमान बनाउन सरकारले कुनै कसर बाँकी नराख्ने भन्ने सम्बन्धमा सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को उपनियम (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नु भएको प्रश्नको मा० उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले जवाफ दिनुभयो ।

१. मा० श्री हरि ढकाल
२. मा० श्री रघुजी पन्त
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री राजेन्द्र कुमार के.सी.
५. मा० श्री विराजभक्त श्रेष्ठ
६. मा० श्री रामहरि खतिवडा
७. मा० श्री दिलेन्द्र प्रसाद बडू
८. मा० श्री ऋषिकेश पोखरेल
९. मा० श्री विनिता कठायत
१०. मा० श्री मनिष झा
११. मा० श्री पदम गिरी
१२. मा० डा० अमरेश कुमार सिंह
१३. मा० श्री योगेन्द्र मण्डल
१४. मा० श्री हेमराज राई
१५. मा० श्री तेजुलाल चौधरी
१६. मा० श्री शिव नेपाली
१७. मा० श्री मुक्ता कुमारी यादव
१८. मा० श्री सुमना श्रेष्ठ
१९. मा० श्री सञ्जयकुमार गौतम
२०. मा० श्री विद्या भट्टराई
२१. मा० श्री ठाकुरप्रसाद गैरे
२२. मा० श्री नागिना यादव
२३. मा० श्री रोशन कार्की
२४. मा० श्री रणकुमारी बलम्पाकी मगर
२५. मा० श्री रेखा यादव
२६. मा० श्री गणेश पराजुली
२७. मा० श्री किरण कुमार साह
२८. मा० श्री बद्रीप्रसाद पाण्डे
२९. मा० श्री जावेदा खातुन जागा
३०. मा० श्री रामकृष्ण यादव
३१. मा० श्री धवल शम्मशेर ज.ब.रा.
३२. मा० श्री अमृतलाल राजवंशी
३३. मा० श्री रामप्रकाश चौधरी

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले “राष्ट्रिय समावेशी आयोगको चौथो वार्षिक प्रतिवेदन (आ. व. २०७८/०७९)” पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथिको दफावार छलफल प्रारम्भ भएको जानकारी गराउँदै उक्त प्रतिवेदनमा उल्लिखित विभिन्न नियमहरुमा एकल र संयुक्त रुपमा मा० सदस्यहरुबाट संशोधनका सूचनाहरु प्राप्त भएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुले उक्त मस्यौदा प्रतिवेदनमाथि राख्नुभएको आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा समेत भाग लिनुभयो:-

१. मा० श्री सुमना श्रेष्ठ
२. मा० डा० आरजु राणाको तर्फबाट मा० श्री ईश्वरी देवी न्यौपाने
३. मा० श्री राजेन्द्र कुमार के.सी
४. मा० श्री रामहरि खतिवडा
५. मा० श्री पूर्ण बहादुर घर्ती
६. मा० श्री अम्मर बहादुर थापा
७. मा० श्री रेखा यादव
८. मा० श्री सन्तोष परियार
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री रुपा सो.सी. चौधरी
११. मा० श्री दामोदर पौडेल बैरागी
१२. मा० डा० चन्द्र कान्त राउतको तर्फबाट मा० श्री सोनु मुर्मु

यसैबीच मा० डा० आरजु राणाको तर्फबाट मा० श्री ईश्वरी देवी न्यौपानेले संशोधन प्रस्तुत गर्न लाग्दा मा० श्री प्रदिप यादवले कुनै सदस्यको संशोधन अर्को सदस्यले पेश गर्न नपाउने भन्दै नियमापत्ति गर्न खोज्नुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ११० मा सो व्यवस्था रहेकोतर्फ मा० सदस्यको ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथिको दफावार छलफलमा निम्नलिखित मा० सदस्हरुले भाग लिनुभयो ।

१. मा० श्री रामकृष्ण यादव
२. मा० श्री विनिता कठायत
३. मा० श्री मनिष झा
४. मा० श्री विराजभक्त श्रेष्ठ

तदुपरान्त प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" माथि पेश गर्नुभएको संशोधनहरु मध्ये मा० श्री रमेश लेखकले जवाफ दिने क्रममा स्वीकार गर्नुभएका संशोधनहरु बाहेक बाँकी संशोधनहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. म० श्री सुमना श्रेष्ठ
२. मा० श्री प्रतिमा गौतम
३. मा० श्री श्याम कुमार घिमिरे
४. मा० श्री प्रेम सुवाल

तत्पश्चात निम्नलिखित मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथि पेश गर्नुभएको संशोधनहरु मध्ये मा० श्री रमेश लेखकले जवाफ दिने क्रममा स्वीकार गर्नुभएका संशोधनहरु बाहेक बाँकी संशोधनहरु फिर्ता लिनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने जानकारी गराउनु भयो ।

१. डा० आरजु राणाको तर्फबाट मा० श्री ईश्वरी देवी न्यौपाने
२. संयुक्त संशोधनका मुल संशोधनकर्ता मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री रामहरि खतिवडा
४. मा० श्री पूर्ण बहादुर घर्ती
५. संयुक्त संशोधनका मुल संशोधनकर्ता मा० श्री अम्मर बहादुर थापा
६. मा० श्री रेखा यादव
७. मा० श्री सन्तोष परियार
८. संयुक्त संशोधनका मुल संशोधनकर्ता मा० श्री रुपा सो.सी. चौधरी

९. मा० श्री माधव सापकोटाको तर्फबाट मा० श्री हितराज पाण्डे

१०. मा० श्री दामोदर पौडेल वैरागी

११. मा० डा० चन्द्रकान्त राउतको तर्फबाट मा० श्री सोनु मुर्मु

त्यसपछि सम्माननीय सभामुखले नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले दफावार छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा नियमावलीमा समावेश गर्ने गरी स्वीकार गर्नुभएको संशोधनहरु समूहीकृत रुपमा स्वीकृत गरियोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले दफावार छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा नियमावलीमा समावेश गर्ने गरी स्वीकार गर्नुभएको संशोधनहरु समूहीकृत रुपमा "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" को अंग बनोस् भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" को नियम २ देखि २६४ सम्म र सम्बन्धित अनुसूची १ देखि ७ सम्म नियमावलीको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" को प्रस्तावना र संक्षिप्त नाम र प्रारम्भ क्रमशः पढेर सुनाउनु हुँदै निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य श्री रमेश लेखकले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत २३ गते बिहिबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव